

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ९५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ वैशाख ६ गते बिहीबार ❑ 18 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## अधिवेशन आह्वानप्रति कांग्रेसको असहमति

पोखरापत्र संवाददाता
पोखरा, ५ वैशाख

नेपाली कांग्रेस संसदीय दल गण्डकी प्रदेशले सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा गण्डकी प्रदेशसभाको बैठक आह्वान गरिएकामा असहमति जनाएको छ।

पार्टीका संसदीय दलका नेता सुरेन्द्रराज पाण्डेले बुधबार विज्ञप्ति जारी गरी अदालतबाट भएको अन्तरिम आदेश, संविधान र विद्यमान कानुनको बेवास्ता गर्दै अधिवेशन आह्वान गरिएकामा असन्तोष जनाउनुभएको हो।

विज्ञप्तिमा भनिएको छ "सम्मानित सर्वोच्च अदालतको अन्तरिम आदेश र मुद्दाको पेसीसमेतलाई बेवास्ता गर्दै अदालतको आदेशको समेत अवहेलना हुने गरी गण्डकी प्रदेश सरकारले विभिन्न नियुक्ति गर्नु तथा वैशाख ७ गते दिउँसो ३ बजेका लागि प्रदेशसभा बैठक आह्वान गर्न सिफारिस गर्नु र माननीय प्रदेश प्रमुखले बैठक आह्वान गर्नु गैरजिम्मेवार कदम हो।"

गण्डकी प्रदेशमा सभामुखसमेतको संलग्नतामा गत चैत २५ गते खगराज अधिकारी मुख्यमन्त्री नियुक्त हुनुभएको विषयलाई कांग्रेसले असंवैधानिक भएको जनाउँदै गत चैत २७ गते सर्वोच्च अदालतमा रिट निवेदन दिएको थियो।

सर्वोच्चले चैत २८ गते हालको सरकारलाई मुद्दाको टुङ्गो नलाग्दासम्म प्रदेश सरकारका नियमित कार्य सञ्चालनबाहेक कुनै पनि दीर्घकालीन असर पर्ने प्रकृतिका निर्णय नगर्न अन्तरिम आदेश जारी गरेको थियो। साथै उक्त मुद्दालाई अग्राधिकार दिए यही वैशाख १० गतेका लागि पेसी तोकिएको थियो। गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले नेपालको संविधानको धारा १८३ (१) बमोजिम वैशाख ७ गते ३ बजेदेखि बस्ने गरी गण्डकी प्रदेशसभाको बैठक आह्वान गर्नुभएको छ।

## गण्डकी प्रदेशसभाको बैठक आह्वान

पोखरापत्र संवाददाता
पोखरा, ५ वैशाख

गण्डकी प्रदेशसभाको बैठक आह्वान भएको छ।

गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टले नेपालको संविधानको धारा १८३ को उपधारा १ बमोजिम गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को सिफरिसमा वैशाख ७ गते शुक्रबार दिनको ३ बजेदेखि आरम्भ हुनेगरी बैठक आह्वान गर्नुभएको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता चण्डीप्रसाद अर्यालले जारी गर्नुभएको विज्ञप्तिमा जनाएको छ।

## मुस्ताङमा लेक लागेर तीन वर्षमा २९ जनाको मृत्यु

पोखरापत्र संवाददाता
म्याग्दी, ५ वैशाख

हिमालपारिको जिल्ला मुस्ताङ भ्रमण तथा मुक्तिनाथ दर्शन गर्न आउनेको सङ्ख्या बढेसँगै लेक लागेर मृत्यु हुनेको सङ्ख्या पनि बढ्दै गएको छ।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका अनुसार आर्थिक वर्ष २०७८/७९ देखि २०८०/८१ को चैत मसान्तसम्म लेक लागेर २९ जनाको मृत्यु भएको छ। चालु आवको असोजदेखि चैतसम्म मात्रै मुस्ताङ घुम्न आएका ११ जनाले लेक लागेर ज्यान गुमाएका छन्। मृत्यु हुनेमा सातजना भारतीय, तीनजना नेपाली तीर्थयात्री र एक युक्रेनी पर्यटक रहेका जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी नायब उपरीक्षक भोजराज पाण्डेले जानकारी दिनुभयो। उहाँका अनुसार आव २०७८/७९ मा पाँच महिला र एक पुरुष गरेर छ जनाको लेक लागेर मृत्यु भएको थियो। उहाँहरू सबै भारतीय नागरिक थिए भने उनीहरूको ४५ देखि ७३ वर्षसम्मको उमेर समूहका रहेका प्रहरीले जनाएको छ। उहाँहरूलाई मुक्तिनाथ, जोमसोम एयरपोर्ट, जोमसोम र धिमीठाँटी भन्ने स्थानमा लेक लागेको थियो। आव २०७९/८० मा पनि पाँच महिला र सात पुरुष गरेर १२ जनाको मृत्यु भएको थियो। मृतकमध्ये सात भारतका, एक थाइल्यान्डका र चारजना नेपाली थिए। उहाँहरूको उमेर ४२ देखि ७५ वर्षसम्म रहेको प्रहरी नायब उपरीक्षक पाण्डेले बताउनुभयो। प्रहरी अभिलेखअनुसार उहाँहरूलाई मार्फा, मेसोकान्दो हिमाल, मुक्तिनाथ मन्दिर परिसर, घरपभोङ, एयरपोर्ट, यारालगायत स्थानमा लेक लागेको थियो।

प्रहरीका अनुसार चालु आवको चैतसम्म लेक लागेरै ११ जनाको मृत्यु भइसकेको छ। असोजमा तीन, फागुनमा दुई र चैतमा छ जनाको मृत्यु भएको प्रनाउ पाण्डेले जानकारी दिनुभयो। उहाँका अनुसार मृतकमध्ये पाँच महिला र छ जना पुरुष रहेका छन्। उहाँहरू ३५ देखि ८३ वर्षसम्मको उमेर रहेका छन्। मृतकमध्ये एक युक्रेनी, तीन नेपाली र आठजना भारतीय रहेका छन्। उहाँहरूलाई थासाङ, भोङ, लेते, मार्फा, मुक्तिनाथ, जोमसोम, टुकुचेलगायत स्थानमा लेक लागेको जनाइएको छ। गत चैतमा मात्र छ जना तीर्थयात्रु/पर्यटकको मुस्ताङमा लेक लागेर ज्यान गएको छ। अभिलेखअनुसार गत वर्ष मुस्ताङ भ्रमण तथा मुक्तिनाथ दर्शन गर्न आएका १२ जनाको लेक लागेर मृत्यु भएको थियो। मुस्ताङ जाने पर्यटकले भोग्ने मुख्य समस्या लेक लाग्नु अर्थात् शरीरमा अक्सिजनको कमी हुनु हो। पछिल्ला तीन वर्षका तथ्याङ्कले मुस्ताङ भ्रमणका लागि मुख्य चुनौती भनेको लेक लाग्नु देखाएको छ। दुई हजार पाँच सय मिटर वा सोभन्दा माथिको उचाइमा पुग्दा शरीरमा अक्सिजनको मात्रा कम हुने अवस्थालाई लेक लाग्नु भनिन्छ। लेक लाग्दा टाउको दुख्ने, वाकवाक लाग्ने, बान्ता हुने, श्वासप्रश्वासमा गाह्रो हुने, निद्रा नलाग्ने, खाना रुचि नहुने, थकाइ लाग्ने, कमजोरी महसुस हुने, कमजोरी हुनेलगायत सामान्य लक्षण अनुभव हुने चिकित्सकहरू बताउँछन्।

मध्यम अवस्थामा फोक्सोमा पानी जम्न थाल्ने, सास फेर्न गाह्रो हुने, आराम गर्दा पनि स्याँ-स्याँ हुने, खोकी लाग्ने, खकारमा रगत देखिने छाती भारी हुनेलगायत लक्षण देखिन्छन् भने त्यसपछिको अवस्थामा मस्तिष्कमा पानी जम्ने, टाउको दुख्ने, रिङ्गटा लाग्ने, बेहोस हुने, कुराहरू बिर्सिने, पिसाब कम हुनेलगायत लक्षण देखिने गरेका छन्।

## सुहाङलाई जिताउन अध्यक्ष ओलीको अपिल

रासस
काठमाडौं, ५ वैशाख

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले इलाम क्षेत्र नं २ मा एमालेले उम्मेदवार बनाएका युवा सुहाङ नेम्वाङलाई जिताउन यहाँका मतदाताहरुलाई अपिल गर्नुभएको छ।

इलाम क्षेत्र नं २ को देउमाई नगरपालिकास्थित मङ्गलबारे बजारमा आज आयोजना गरिएको चुनावी सभालाई सम्बोधन गर्दै उहाँले सो अपिल गर्नुभएको हो। नेकपा (एमाले)का यस क्षेत्रका सांसद सुवासचन्द्र नेम्वाङको गएको भदौ २६ गते मृत्यु भएपछि इलाम क्षेत्र नं २ मा उपनिर्वाचन हुन लागेको हो। स्वर्गीय नेता सुवासचन्द्र नेम्वाङको सपना पूरा गर्न पनि उहाँका छोरा सुहाङ नेम्वाङलाई उम्मेदवार बनाइएको भन्दै अध्यक्ष ओलीले सुहाङलाई मतदान गर्न आग्रह गर्नुभयो। इलाम क्षेत्र नं २ को विकास र यहाँका नागरिकको समृद्धिका लागि सुहाङ नेम्वाङ विजयी हुनुपर्ने उहाँको भनाइ थियो। नेकपा (एमाले)ले घरघरमा वृद्ध भत्ता पुऱ्याएको, सामाजिक सुरक्षा भत्ता वितरण गरेको र सडक निर्माणलगायत धेरै काम गरेको पनि उहाँले बताउनुभयो। अध्यक्ष ओलीले एमालेले मुलुकमा कस्तो विकास गर्छ भन्ने कुरा आफू प्रधानमन्त्री हुँदा देखाएको बताउनुभयो। उहाँले भन्नुभयो, "म प्रधानमन्त्री हुँदा दुई सय १० पालिकादेखि सदरमुकाम जोड्ने सडक र तीन सय ९६ वटा पालिकामा अस्पताल बनाउन शिलान्यास गरेको थिएँ तर सरकारबाट बाहिरिएपछि ती सबै अलपत्र परेका छन्। अब अधुरा र अलपत्र कामहरुलाई आउँदो निर्वाचनसम्ममा पूरा गर्नुपर्छ।"

एमालेका उपाध्यक्ष रामबहादुर थापा 'बादल'ले एकल जातीय पहिचानको कुराले जातीय सद्भावलाई खल्बल्याउने धारणा राख्नुभयो। नेकपा (माओवादी केन्द्र) को कोशी प्रदेशका अध्यक्ष हर्क नेम्वाङले कम्युनिष्टहरुलाई एक ठाउँमा ल्याउने 'एजेन्डा' पूरा गर्नका लागि पनि वामपन्थीहरुका साझा उम्मेदवार सुहाङलाई विजयी गराउनुपर्ने बताउनुभयो। सो सभामा उम्मेदवार नेम्वाङले आफूले जितेको खण्डमा इलाम क्षेत्र नं २ को विकास गर्ने र यहाँका नागरिकले शिर झुकाउनुपर्ने कुनै काम नगर्ने बताउनुभयो। उहाँले यही वैशाख १५ गते हुने निर्वाचनमा आफूलाई मतदान गर्न अपिल पनि गर्नुभयो। यस क्षेत्रमा १२ राजनीतिक दल र सात स्वतन्त्र गरी १९ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। एमालेका सुहाङसँगै नेपाली कांग्रेसका इलाम सभापति डम्बरबहादुर खड्का, राष्ट्रिय स्वतन्त्र पार्टीका मिलन लिम्बू र पहिचानवादीका स्वतन्त्र उम्मेदवार डकेन्द्रसिंह लिम्बू (थेगिम) रहेका छन्।

## विवाहको रौनकसँगै कमलपोखरी संस्थाको मूल प्रवेशद्वारको उद्घाटन

पोखरापत्र संवाददाता
पोखरा, ५ वैशाख




नव वर्ष २०८१ सुरु। वैशाख महिना विहेको मौसम, दौरा सुरवाल लगाएर ओहोर दोहर, साथमा दमाह, झ्याली, ट्याम्को, नरसिंह र सनही लिंदै बाजा घन्किए। पन्चेबाजाको मंगलमय धुनले सबैतिर उल्लासमय र उमङ्गमय छायो। बाजाको वरिपरि सुटमा सजिएका महिला पुरुष। अझ वडा नं १३ का जनप्रतिनिधिको दमदार नृत्य।

जनप्रतिनिधि नाच्न के थाल्नु भयो सबैको आँखा तान्यो। सहभागी सबैको गलामा मखमली माला। यो दृश्य देख्दा अथवा सम्झिदा विवाहका रौनक देखिन्छ। तर त्यो न व्यक्तिको विवाह। कुनै छिमेकीको विवाह, न पुजाआजा, न उत्सव केही थिएन पोखरा महानगरपालिका वडा नं १३ का वडा अध्यक्ष किरण वराल लगायत वडा सदस्य बलवहादुर बराल, सुचिता तामाङ र रजनी परियार र उपस्थित बाक्लो स्थानीय वासीहरुलाई स्वागत गर्न बजाइएको बाजा थियो। पोखरा उपमहानगरपालिका वडा नं १३ स्थित कमलपोखरी मार्ग टोल विकास संस्थाको मूल प्रवेश द्वार बुधबार समुद्घाटन को अवसरमा उपस्थित सवैलाई स्वागत गर्न बजाइएको बाजा हो। उद्घाटन पछि बाक्लिएको उपस्थित सवै संस्थाका आफ्नै भवन अगाडि पन्चेबाजामा छमछमी नाची औपचारिक कार्यक्रम सुरु भयो। कार्यक्रममा मूल प्रवेशद्वार निर्माणार्थ आर्थिक सहयोग गर्नुहुने संस्थाका स्थाई सदस्य एवं शुभचिन्तकहरु ७३ जनालाई सम्मान गरियो। ७३ जना समाजसेवीहरुवाट १२ लाख ८० हजार आठ सय ७५ रुपैयाँ संकलन भएको थियो। प्रमुख अतिथिको आसन ग्रहण गर्न मञ्चमा वडा अध्यक्ष वराल के उक्लिनु भएको थियो सवैको तररर.....तालीले स्वागत। अध्यक्ष वरालले संस्थामा बाबा समुह सँगै आमा समुह बढि सक्रियता देखीएको प्रशंसा गर्नुभयो। १५ दिन भित्र संस्था भित्रको वाटोमा रिसोलिङ गर्ने वोलेको वचन पुरा गर्ने प्रतिवद्धता वरालले दिनुभयो। संस्थाको चौतर्फी विकासको प्रशंसा गर्दै भवनको सवै भन्दा माथि आफ्नो कार्यकालमा ट्रष्ट बनाइदिने वरालले विश्वास दिलाउनु भयो। कमलपोखरी मार्ग टोल विकास संस्थाको आमा समुहको अध्यक्ष पूर्णकुमारी गुरुङले संस्थावाट गरिएको हरेक कार्य विकाश मुखी भएको चर्चा गर्नु भयो। पोखरापत्र राष्ट्रिय दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देलले संस्थालाई १० वर्षअघि देखी चिन्दै आएको भन्दै संस्थाका अध्यक्ष इन्द्रवहादुरलाई रामायणका राम र सचिव खड्क बहादुरलाई लक्ष्मण रुपी देखेको चर्चा गर्नु भयो। कमलपोखरी मार्ग टोल विकास संस्थाका अध्यक्ष सु. इन्द्रवहादुर गुरुङ टोल सुधार समितिको नाममा २०४८ सालदेखी टोलमा कार्य गर्दा देखी आवद्ध भइ आज सम्म निश्वार्थ रुपले रातदिन लागि परेको भन्नु भयो। सवै सदस्यहरुको माया ममताले आज यहाँ सम्म आइपुगेकोले उपस्थित सवैलाई हृदयदेखी धन्यवाद दिनु भयो। उता संस्थाका सचिव खड्क वहादुर गुरुङको प्रत्येक वाक्यमा साहित्यको वाणी।

त्यही वाणीहरु खस्न नपाउँदै दर्शकहरु साहित्य प्रेमी सर्जकरुपी वनि ताली बजाउन व्यस्त। कार्यक्रम अवधि भरी हँसाउँदै व्यस्त संचालक खड्कवहादुर। कार्यक्रममा कमलपोखरी मार्ग टोल विकास संस्थाका उपाध्यक्ष सु.प्रेमवहादुर गुरुङले स्वागत गर्दै आफ्नो टोलमा अझै कार्य गर्न वाँकी रहेकोमा अध्यक्ष वराललाई ध्यान आर्कषण गराउनु भयो। कार्यक्रममा मूल प्रवेश द्वार निर्माणमा उल्लेखनीय सहयोग गर्ने सुनिल गुरुङलाई सम्मान गरियो। उद्घाटन समारोहमा संस्थाका सदस्य तथा छिमेकी टोल विकास संस्थाका सदस्यहरुको उत्कृष्ट नृत्यले सहभागी सवैलाई मन्त्रमुग्ध बनाएको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१




रामनवमीका अवसरमा राममन्दिर सञ्चालक समिति, पोखराद्धारा बुधवार निकालिएको रामनवमी उत्सव रथयात्रा । रथयात्रा विरौटा, डेमसाईड, राष्ट्रबैक चोक, मुस्ताङचोक हुँदै राममन्दिर परिसरका आएर समापन भएको थियो । तस्बिरः रासस

# राष्ट्रिय माविको हीरक महोत्सवको अवसरमा हुने पुर्नमिलनको तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ बैशाख

स्थापनाको ७५ औ वर्ष प्रवेशको अवसरमा हीरक महोत्सव मनाइरहेको पोखरा महानगरपालिका वडा नम्बर १ पुरानो टुँडिखेल स्थित राष्ट्रिय माध्यमिक विद्यालयले आउदो शनिबार अर्थात ८ वैशाखमा गर्ने वृहत पुनर्मिलन समारोहको तयारी पुरा भएको जनाएको छ ।

२० मंसिर ०८० मा आफनो स्थापनाको ७४ औ वर्ष पुरा गरि ७५ औ वर्षमा प्रवेश गरेको विद्यालयले हीरक महोत्सव २० मंसिर ०८० देखि २० मंसिर ०८१ सम्म एक वर्ष विविध कार्यक्रम गरि मनाईरहेको छ । महोत्सव वर्षभरि विभिन्न २२ कार्यक्रम गरि मनाउने घोषणा गरेको विद्यालयको भएको आउदो शनिबार पुर्नमिलन कार्यक्रम गर्न लागेको हो ।

हीरक महोत्सव वृहत पुनर्मिलन कार्यक्रमका संयोजक वसन्तराज अधिकारीका अनुसार शनिबार हुने कार्यक्रमको सम्पुर्ण तयारी पुरा भएको छ । उनका अनुसार कार्यक्रममा विद्यालयका जग्गादाता, चन्दादाता, अक्षयकोषदाता, स्थापनाकालदेखि हालसम्म अध्ययन गरेका पुर्व विद्यार्थी, पुर्व शिक्षक/कर्मचारी, पुर्व विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एंव सदस्यहरुहरुको सहभागिता रहनेछ । एक हजार आठ सय जनाको सहभागिता रहने अपेक्षा गरिएको कार्यक्रममा परिचय सगै अनुभव आदान प्रदान गर्ने उदेश्य राखिएको उनको भनाई छ ।

संयोजक अधिकारीका अनुसार आफू पढेको विद्यालय प्रतिको भावनात्मक सम्बन्ध प्रगाढ बनाउन, परिचय तथा बन्धुत्व अभिवृद्धि, तथ्यांक अध्यावधिक, भौतिक संरचनाहरुको अवस्था जानकारीसहित आर्थिक स्रोत जुटाउने, शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि राय सुझाव संकलन, विद्यालयको सतबार्षिकी कार्यक्रमका लागि संकल्प प्रस्ताव तयार गर्ने, स्मारिकका प्रकाशन गर्नका लागि लेख रचना उपलब्ध गराउन र राष्ट्रिय गान भने झै विद्यालयको गान रचना गरी सहभागीहरुले उपलब्ध गराउने उदेश्य पुर्नमिलन कार्यक्रमको रहेको छ ।

कार्यक्रममा विद्यालयका अध्ययन गरेका १५ जना पुर्व विद्यार्थीहलाई सम्मान गरिने विद्यालयका प्रधानाध्यापक ईश्वरी सापकोटाले जानकारी दिए । यस अघि गत २० मंसिरमा प्रभातफेरी सगै हीरक महोत्वको शुभारम्भ गरिएकोमा २० मंसिर २०८१ मा स्मारिकका विमाचन सगै हीरक महोत्सव समापन गरिने सापकोटाले जानकारी दिए । हीरक महोत्सवको अवसरमा विद्यालय परिसरमा विद्यालयको मुल प्रवेशद्वार निर्माण, विद्यालय मञ्च, हीरक स्मारक स्तम्भ, प्रशासनिक भवन निर्माण, शौचालय, ई-लाईब्रेरी, कम्प्युटर ल्याव विस्तार र स्तोरन्नति लगायतका भौतिक निर्माणका कार्यक्रमहरु समेत गरिने विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्ष एंव हिरक महोत्सव प्रचार प्रसार उपसमितिका सहसंयोजक रमेश प्रसाद पौडेलले जानकारी दिए । यस्का लागि दुई करोड ३५ लाख खर्च हुने अनुमान गरिएको पौडेलले बताए ।

# आलु महोत्सवमा करिव ४ करोडको कारोवार

**पोखरापत्र संवाददाता**
पोखरा, ५ बैशाख



१२ औं संस्करणको राष्ट्रिय हेमजा आलु महोत्सव पोखरा क्षेत्रका अग्रज कृषकलाई सम्मान गर्दै बुधवार सकिएको छ । त्यस अवसरमा आलुको प्रदर्शनीमा उत्कृष्ठता हासिल गर्ने कृषक भीममाया नेपाली, एकबहादुर कार्की, पार्वती बाँनियाँ, हरीमाया रोका तथा कृषि अधिकृत चन्द्रकान्त तिमिल्सीनालाई नगद सहित सम्मान गरिएको हो ।

कृषक सम्मान गर्दै पोखरा महानगरपालिका प्रवक्ता समेत रहेका पोखरा २५ का वडाध्यक्ष मोतिलाल तिमिल्सीनाले महोत्सवमा महानगरको साथ रहेको स्पष्ट पार्दै नगर परिषद्ले महोत्सव व्यवस्थानका लागि रु.१० लाख सहयोग गर्ने निर्णय गरेको जानकारी दिए।उनले आलु महोत्सव किसानको चाड भएको उल्लेख गर्दै सबै हेमजावासी खटेर महोत्सव सफल पारेकोमा प्रशम्सा गरे । महोत्सवकै अवसरमा क्लवको बहुउद्देश्यीय भवन शिलान्यास हुनु अर्को खुशीको कुरा हो भन्दै प्रवक्ता तिमिल्सीनाले महोत्सवमा कृषिका गतिविधिलाई प्राथमिकता दिनुपर्ने औंल्याए ।

विष्णुपादुका माविका प्रधानाध्यापक दिपकराज पौडेलले छोटो समयको तयारीमा सबैको सहयोगबाट महोत्सव सफल भएको जनाउर्दै हेमजाको उत्पादनको बजारीकरण व्यवस्थाका लागि महानगरको ध्यानाकर्षणगराए।उनले हेमजाको जमिन तथा नहरको क्षयिकरण हुँदै जानु दुःखद् भएको सुनाउँदै त्यसतर्फ सरोकारवाला सबै सचेत बन्नुपर्ने स्पष्ट पारे । क्लवका पूर्व अध्यक्ष महेन्द्रसिंह थापाले आलु महोत्सव मार्फत कृषिलाई सम्मानित पेशाका रुपमा अगाडि सार्न खोजिएको धारणा राख्दै यसलाई आगामि वर्षमा थप परिष्कृत गर्दै लैजानुपर्ने भनाई राखे।

यहि चैत २५ गतेबाट सुरु महोत्सवका बीच त्यहाँ प्रतिकिलो ४० रुपैयाँमा आलु बिक्री गरिएकोमा महोत्सव अवधिभर कुल रु.३० लाख ६५ हजार ७ सय २० रुपैयाँको आलु कारोवार भएको छ । त्यहाँ ७५ हजार दर्शक बढीले महोत्सव अवलोकन गरेकोमा कुल ३ हजार ४ सय ४५ घरपरिवारले आलु खरिद गरी लगेको कृषि उपज व्यवस्थापन उपसमितिका संयोजक जयराम तिम्सिनाले जानकारी दिए । उनले कास्की, गोरखा, म्याग्दी, मुस्ताङ, स्याङजा, चितवन, बुटबल, बाग्लुङ, तनहुँ, लगायत काठमाण्डौबाट समेत मानिसहरु आलु खरिद गर्न आएको पनि सुनाए।जसअनुसार प्रति घरपरिवारले न्यूनत्तम ५ किलोग्रामदेखि अधिकत्तम ३ सय किलोग्रामसम्म आलु खरिद गरी लगेका छन् । ग्राहकले हेमजामा फलेको आलु स्वादिलो, छिटो पाक्ने तथा स्वास्थ्यकर मानि बढी खरिद गर्ने गरेको उनको भनाई छ। वुधवार महोत्सवमा कलाकारहरु शंकर विरही गुरुङ, तारापति सुवेदी, प्रेमराज अधिकारी, लक्ष्मी नेपाली, पार्वती गुरुङ, सरस्वती लामिछाने तथा सुभद्रा श्रेष्ठका प्रस्तुतिहरु रहे । त्यस्तै महोत्सव अवधिभर आलु लगायत अन्य सामग्री समेत गरी रु. ३ करोड ७० लाखको कारोवार भएको मूल आयोजक समितिका महासचिव वसन्तकुमार श्रेष्ठले जानकारी दिए । महोत्सवको आकर्षणका रुपमा आलु तथा ताजा तरकारीको प्रदर्शनी, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार प्रदर्शन, माटो र बोटबिरुवाको परीक्षण तथा रोगको निदान, कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रदर्शनी, कृषि विज्ञ र किसानबीच अन्तर्क्रिया, विभिन्न कृषि उपज, बिउबिजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी, कृषक तथा विज्ञ सम्मान एवम् पुरस्कार, रत्यौली गीत प्रतियोगिता, हास्य व्यङ्ग्य एवम् लाइभ पप कन्सर्ट लगायतका कार्यक्रम भएका छन् । मूल आयोजक समितिका संयोजक सुविन श्रेष्ठले महोत्सवका सहयोगकर्ता प्रति आभार प्रकट गर्दै महोत्सव हेमजाको व्याण्ड बनेको धारणा राखे । 'सुन्दर ठाउँ हेमजा जाऔं, आलुका स्वादिष्ट परिकार खाउँ, आलु एक परिकार अनेक' भन्ने नाराका साथ विष्णुपादुका क्लवको आयोजनामा महोत्सव भएको हो । हेमजाको कुल १२ हजार पाँच सय हेक्टर क्षेत्रफल मध्ये ५ सय हेक्टरमा यो खेती गरिँदै आइएको छ । जसअन्तर्गत पाँच सय ४० घरपरिवार किसान व्यवसायिक रुपमा आलुखेतीमा आवद्ध छन् ।

# यूनाइटेडको रक्तदानमा ८५ यूनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, ५ बैशाख



यूनाइटेड क्लबले आयोजना गरेको रक्तदान कार्यक्रममा ८५ यूनिट रगत संकलन भएको छ । क्लबले १४ औं वार्षिकोत्सवको अवसरमा आयोजित सप्ताहब्यापी कार्यक्रम अन्तर्गत पांचौ दिन आयोजना गरेको खुल्ला रक्तदान कार्यक्रममा ८५ जनाले रक्तदान गरेका हुन ।

सो कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नम्बर १० का अध्यक्ष राजेश गुरुङले यूनाइटेड क्लबले पोखरा १० मा स्थापना भएतापनि सामाजिक काम मार्फत पोखरा बाहिर समेत पुगेर सहयोग गरेकोमा धन्यवाद ब्यक्त गरे । जाजरकोटको भुकम्प देखि पूर्व र पश्चिममा विपदमा परेकाहरुलाई यूनाइटेड क्लबले सहयोग गरेको वताउदै यूनाइटेडको हरेक अभियानम आफ्नो साथ र सहयोग रहने उनको भनाइ रहेको थियो ।

त्यस्तै रक्तसञ्चार केन्द्र पोखराका वरिष्ठ प्राविधिक महेन्द्र केसीले हरेक तीन महिनामा रक्तदान गर्न सके शरिर स्वस्थ बन्ने वताए । रक्तदानले अर्काको जीवन बचाउने मात्र नभइ आफुलाई समेत स्वस्थ बनाउन सहयोग पुग्ने उनको भनाइ रहेको थियो । त्यस्तै क्लबका कार्यसमिति सदस्य तथा रक्तदान कार्यक्रमका संयोजक जयराम आचार्यले यूनाइटेड क्लबले हरेक वार्षिकोत्सवको अवसरमा रगतको अभावलाई मध्येनजर गरी रक्तदान कार्यक्रमको आयोजना गर्दै आइरहेको र यो पटक पनि रक्तदान कार्यक्रमको आयोजना गरी रक्त अभावलाई कमी गर्ने अभियानलाई निरन्तरता दिएको वताए । रक्तदान कार्यक्रममा ब्राभो ट्रनिङ सेन्टर, टास्क फोर्स ट्रेनिङ सेन्टर, एबीसी ड्राइभिङ, पिसपोखरा ड्राइभिङ, स्थानिय र क्लबका पदाधिकारी, कार्यसमिति सदस्य, आजीवन सदस्य, सल्लाहकार लगायतले रक्तदान गरेका थिए ।

यूनाइटेड क्लबका अध्यक्ष राजु श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्लबका वरिष्ठ उपाध्यक्ष लोक बहादुर थापाले स्वागत मन्तब्य राखेका थिएभने कार्यक्रमको सञ्चालन महासचिव दिनेश सुनारले गरेका थिए । यसैबीच सप्ताहब्यापी कार्यक्रम अन्तर्गत पोखरा १५ टुटंगामा रहेको पोखरा आरोग्य आश्रममा खाद्यान्न सामाग्री वितरण गरिने समेत महासचिव सुनारले जानकारी दिए ।

# नेपालद्वारा साउदी अरेबिया छ विकेटले पराजित

**रासस**
काठमाडौं, १ बैशाख


एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगिताअन्तर्गत समूह चरणको आफ्नो अन्तिम खेलमा नेपालले साउदी अरेबियालाई छ विकेटले पराजित गरेको छ । जितसँगै नेपाल समूह चरणमा अपराजित रहँदै सेमिफाइनलमा प्रवेश गरेको हो ।

ओमानको अल अमेरत खेल मैदानमा भएको आजको खेल वर्षाले प्रभावित भएपछि २० ओभरबाट आठ ओभरमा झारिएको थियो । पहिलो ब्याटिङ गरेको साउदी अरेबियाले नेपाल सामू जितका लागि ७४ रनको लक्ष्य प्रस्तुत गरेको थियो । सो लक्ष्य नेपालले सात दशमलव दुई ओभरमा चार विकेटको क्षतिमा पूरा गर्‍यो । नेपालका लागि गुलसन झाले अविजित ३२ रन बनाए । उनले १९ बल खेल्ने क्रममा दुई छक्का र दुई चौका प्रहार गरे । साथै दीपेन्द्र सिंह ऐरीले १७ र कप्तान रोहित पौडेलले १६ रन बनाए भने अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

साउदी अरेबियाका लागि इस्तिक अहमदले दुई विकेट लिए भने उसमान नाजीव र वाजी उल हसनले एक/एक विकेट लिए ।

टस हारेर पहिले ब्याटिङ गरेको साउदी अरेबियाले निर्धारित आठ ओभरमा सात विकेटको क्षतिमा ७३ रन बनाएको थियो । उसका लागि अब्दुल वाहिदले सर्वाधिक ३७ रन बनाए । उनले १६ बल खेल्ने क्रममा तीन छक्का र तीन चौका प्रहार गरे । त्यसबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । नेपालका लागि करन केसी र अभिनाश बोहोराले दुई/दुई विकेट लिए भने प्रतीस जिसी र ललित राजवंशीले एक/एक विकेट लिए । समूह 'ए'मा रहेको नेपालले पहिलो खेलमा मलेसियालाई पाँच विकेट, दोस्रो खेलमा कतारलाई ३२ रन र तेस्रो खेलमा हङकङलाई आठ विकेटले पराजित गरेको थियो ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ। - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# विद्यालय भर्ना अभियान

सरकारले मुलुकको साक्षरता दरलाई शतप्रतिशत पुऱ्याउने लक्ष्यसाथ केही वर्षअघिदेखि सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना अभियान सञ्चालन गर्दै आएको छ। वैशाख २ गतेदेखि मुलुकभर एकसाथ भर्ना अभियान चलेको छ। 'सबै बालबालिकाको विद्यालयमा सहभागिताः गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता' भन्ने मूल नाराका साथ अभियान चलाइएको छाराज्य संयन्त्रदेखि अभिभावकसम्मलाई परिचालन गरिएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र मातहतका शिक्षा तथा मानवस्रोत विकास केन्द्रले अभियान सफल बनाउन स्थानीय तह र सम्बन्धित निकायलाई आग्रह गरेका छन्।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले शिक्षा पाउनु हरेक बालबालिकाको संविधानप्रदत्त एवं जन्मसिद्ध मौलिक अधिकार भएकाले यसलाई कार्यान्वयन गर्न सम्बद्ध सबै पक्षलाई आग्रह गरेका छन। विद्यार्थी भर्ना अभियानको अगुवाइ स्थानीय तहले गर्ने भएकाले शिक्षा मन्त्रालयले सबै किसिमको सहयोग उपलब्ध गराउने गरी कार्यक्रम अगाडि बढाएको छ। अभियान अन्तर्गत चालु शैक्षिक सत्रमा कक्षा १ मा करिब छ लाख नयाँ विद्यार्थी भर्ना हुने अनुमान गरिएको छ। शिक्षा तथा मानवस्रोत विकास केन्द्रका अनुसार ती बालबालिकामध्ये प्रारम्भिक बालविकास केन्द्रको अनुभव हासिल गरेका बालबालिका करिब ७० प्रतिशत छन्। यसमा पनि पाँच वर्ष उमेर पूरा भएका बालबालिकाको संख्या पाँच लाख ८२ हजार छ। विद्यालय जाने उमेर पूरा भएर पनि विविध कारणले विद्यालयबाहिर रहेका बालबालिकाको संख्या दुई लाख १३ हजार भएकाले यो संख्यालाई पुनः विद्यालयमा भित्र्याउने अभियानको लक्ष्य निकै चुनौतीपूर्ण देखिएको हो। निजीले भर्ना लिएपछि सामुदायिकमा भर्ना अभियान चलाइएको भनी आलोचना भएको छ

निजी विद्यालयतर्फको बढ्दो आकर्षणलाई निरुत्साहित गर्न पनि यस किसिमका अभियान सञ्चालन गर्नु अपरिहार्य देखिन्छ। नजिकैको सामुदायिक विद्यालयमा विद्यार्थी अभाव हुने तर सोही स्थानको निजी विद्यालयमा भने भरिभराउ हुनुमा शिक्षण सिकाइका अतिरिक्त अन्य धेरै कारण हुन सक्छन्। सरकारले बालविकासदेखि नै विद्यार्थी भर्ना गरेर दिवा खाजादेखि आधारभूत शैक्षिक सामग्रीसमेत उपलब्ध गराउन थालेपछि केही हदसम्म भर्नादरमा सुधार आउन थालेको हो। मूल कुरा त शैक्षिक गुणस्तरमै ठोक्किन्छ। सामुदायिक विद्यालयको पठनपाठनमा सुधार गर्न अब ढिला गर्नु हुन्न। सरकारले अभियान चलाउनु भनेको सामुदायिकमा पढ्न जाने बनाउनु हो।त्यसको अगुवाइ शिक्षा मन्त्रीले गर्नुपर्छ।

नयाँ शैक्षिक सत्रमा सात लाख १३ हजार विद्यालय उमेर समूहलाई विद्यालयमा ल्याउने गरी देशभर सञ्चालित भर्ना अभियानमा सबैभन्दा महत्वपूर्ण भूमिका स्थानीय तह, शिक्षक र विद्यालय व्यवस्थापन समितिको हुने स्पष्ट छ। भर्ना अभियानसँगै विद्यार्थीको हात हातमा पाठ्यपुस्तक पुऱ्याएर विगतमा हुने गरेको पाठ्यपुस्तक अभावलाई सरकारले बेलैमा सम्बोधन गरेको छ। सामुदायिक विद्यालयकेन्द्रित अभियानको ब्यानरसहित घरदैलो कार्यक्रम, अभिभावकविहीन बालबालिकाको अभिभावकत्व लिन समाजका उदारमना सदस्यसँग आह्वान, पोसाक तथा छात्रवृत्ति प्रदान जस्ता कार्यक्रम पनि अभियानमा जोडिएका छन्। शिक्षा तथा मानवस्रोत विकास केन्द्रको 'फ्ल्यास रिपोर्ट, २०७९' अनुसार हाल पूर्वप्राथमिक तहको कुल भर्नादर ९४.९ प्रतिशत देखिनुले यस अभियानपछि उल्लेख्य सुधार भएको मान्नुपर्छ।भर्ना दरमा सुधारका साथै टिकाउन सक्ने वातावरण बने मात्र भर्ना अभियान सार्थक हुनेछ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# जनता आवास कार्यक्रम: तनहुँमा त्रियासी घर निर्माण

**पोखरापत्र संवाददाता**
तनहुँ, ५ बैशाख

जनता आवास कार्यक्रमअन्तर्गत तनहुँमा दुई सय ८६ मध्ये ८३ वटा घर निर्माण सम्पन्न भएका छन्। सूचिकृत भएकामध्ये एक सय ८० जनाले तेस्रो, १२ जनाले दोस्रो र ११ जनाले पहिलो किस्ता लिएर सम्पर्कविहीन रहेका जिल्लास्थित पूर्वाधार विकास कार्यालय जनाएको छ।

तेस्रो किस्ता लिएका एक सय ८० जनाले घर निर्माण गरे पनि शौचालय निर्माण नगरेका कारण चौथो (अन्तिम किस्ता) भुक्तानी रोकिएको कार्यालय प्रमुख कृष्ण आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार उक्त कार्यक्रमका लागि चालु आर्थिक वर्षमा रु ७० लाख बजेट विनियोजन भएकामा हालसम्म रु ६६ हजार पाँच सय मात्र खर्च भएको छ। योजनामा रहेका सबै घर सम्पन्न गर्न रु एक करोड नौ लाख बजेट आवश्यक पर्ने देखिएको कार्यालय प्रमुख आचार्यले बताउनुभयो। उहाँका अनुसार सहरी विकास तथा भवन निर्माणसम्बन्धी चारवटा योजना रहेको छ। तीनवटा निर्माणाधीन अवस्थामा र एउटा ठेक्का प्रक्रियाको चरणमा रहेको उहाँले जानकारी दिनुभयो।

चालु आवमा तनहुँमा १६ योजना कार्यान्वयनमा आउन सकेका छैनन्। योजनाको नाम फरक परेका, विवाद भएका र बजेट सुनिश्चित नभएका योजना कार्यान्वयनमा नआएका प्रमुख आचार्यले बताउनुभयो। "सडक योजना आठ र झोलुङ्गे पुल आठवटाको निर्माण रोकिएको छ", उहाँले भन्नुभयो, "गण्डकी प्रदेश सरकारले बजेट विनियोजन गरेका दुई सय ९५ योजनामध्ये ११ वटा योजना सम्पन्न भएका छन्।" उहाँका अनुसार साउनदेखि चैतसम्म नौवटा मोटर मार्गको स्तरोन्नति र दुईवटा गाडी गुड्ने पक्की पुल निर्माण सम्पन्न भएका छन्।

# अर्नाकोट र सिँडेरीबासीलाई सधैँ पानी कै पिरालो

**रासस**
बागलुङ, ५ बैशाख

गाउँ वरपर खानेपानीका पर्याप्त मुहान छैनन्। धारा र कुवा सुक्दै गए। भएको मुहानमा पानी छैन। एक गाग्री पानी भर्नका लागि बागलुङको निसीखोला गाउँपालिका-२ अर्नाकोटका स्थानीयलाई घण्टौँ हिँड्नुपर्छ। गाउँको धारामा पानी आउन छाडेको दशक बढी भयो।

दिनप्रति दिन खानेपानी अभाव हुँदै गएपछि अर्नाकोटसँगै सिँडेरी र घम्पुका करिब पाँच सय घर परिवार समस्यामा छन्। गाउँ नजिक खानेपानीको मुहान नहुँदा अर्नाकोटका सयौँ नागरिक घण्टौको यात्रा गरेर पानी बोक्न बाध्य छन्। पछिल्लो समय उनीहरू घण्टौँको समय एक गाग्री पानी भोक्दैमा बित्ने गरेको गर्छ। खानेपानीको हाहाकार हुँदै गएपछि एउटा धाराबाट ५० घरका नागरिकले पानी उपभोग गर्नु पर्ने बाध्यता छ। खानेपानी भर्नका लागि मध्यरातमै उठेर धारामा पुग्नुपर्छ। विहान को छिटो धारामा पुगेर पहिला पानी भर्ने भन्ने होडबाजी स्थानीयबीच हुने गरेको छ। छिटो पुग्न नसके लामो समय लाइन बसेर पालो कुर्नुपर्ने स्थिती छ। करिब एक दशक अगाडि गाउँमा खानेपानीको चरम अभाव बढ्दै गएपछि गाउँमा थुप्रै सिमेन्टका घ्याम्पाहरू निर्माण गरेर आकाशे पानी सङ्कलन गरेर प्रयोग गर्नु पर्थ्यो। घ्याम्पोमा सङ्कलन भएको पानी करिब डेढ महिना पुऱ्याउनु पर्ने बाध्यता छ।

यहाँका अधिकांश स्थानीयहरू पानी बोक्नका लागि ढोरपाटन नगरपालिका वडा नम्बर ५ को बसुन्धरा, बाँसखोला र बराहथान जान बाध्य छन्। तर उनीहरूको समस्या अहिलेसम्म पनि सम्बोधन भएको छैन। अर्नाकोट उच्च पडाडी क्षेत्रमा भएको हुँदा खानेपानीको मुहान त्यस वरपर छैन। सानोतिनो भएको मुहान पनि सक्दै गएका छन्। खानेपानी अभाव हुँदा दैनिकी नै कष्टकर बनेको स्थानीय प्रेमबहादुर विकले बताउनुभयो। बर्खामा सङ्कलन गरेको पानी महिनौसम्म पुऱ्याउनु पर्ने बाध्यता रहेको उहाँको भनाइ छ। उहाँले लामो समय खडेरी परेपछि गाउँमा खानेपानीको हाहाकार मच्चिने बताउनुहुन्छ। प्लास्टिकका ड्रमहरूको प्रचलन नआउँदा घ्याम्पोमै पानी सङ्कलन गरेर प्रयोग गरेको भन्दै अहिले धेरै घर-घरमा ठूला प्लास्टिकका ड्रमहरू राखेको विकले बताउनुभयो। उहाँले भन्नुभयो, "सरकारले सफा र शुद्ध पानीको नारा लगाउँछ, तर हामीहरूले धमिलो पनि पानी देख्न पाउँदैनौँ, एक गाग्री पानीका लागि दिन बिताउनु पर्छ, हामीहरूले कस्तो नियती भोगिरहेका छौँ, यस क्षेत्रको समस्याबारेमा धेरै पटक नेताहरूलाई सुनायौँ तर कुनै सुनुवाईनै भएन, दुर्गम ठाउँ भए पनि अहिले अरु विकास विस्तारै हुँदैछ, तर खानेपानीको सुविधा भने अझैसम्म आउन सकेन, काम नगरेपछि मान्छेहरूलाई खान लाउन पनि गाह्रो हुन्छ, पानीको दुःखले गर्दा दैनिकी चलाउन पनि सकस भइरहेको छ।" गाउँमा पहिला सानो मुहान भए पनि अहिले पानी सुक्दै गएपछि खानेपानी आपूर्तिमा समस्या भएको स्थानीय मनकुमारी सुनार बताउनुहुन्छ। केही वर्ष अगाडि गाउँमा पानीको हाहाकार मच्चिएपछि युनिका फाउण्डेसनको सहयोगमा निसीखोला गाउँपालिका वडा नम्बर २ बाँसखोलाबाट ती सय ३५ मिटर दुरीमा लिफ्टिङमार्फत् खानेपानी आयोजना निर्माण गरिएको थियो। यसबाट पनि अहिले पिउने पानी अपर्याप्त भएको उहाँको भनाइ छ। गाउँभन्दा धेरै टाढा खानेपानीको धारो भएको हुँदा आउजाउ गर्दा तीन/चार घण्टा बित्ने सुनारले बताउनुभयो। पानीको अभावले गर्दा सरसफाई गर्नदेखि पशुचौपायालाई खुवाउनसमेत निकै गाह्रो भएको दुखेसो पोख्नुभयो।

"यो ठाउँमा निकै खानेपानीको समस्या छ, हामीहरू निकै सस्यामा छौँ, सधैँ खानेपानीकै पिरलो हुन्छ, बारीमा तरकारी लगाउँ, केही खेती गरौँ भने पनि पानीको कारण गर्न पाएका छैनौँ, चामल, नुन त बरु गाडीले बजारबाट ल्याउँछ, पानी भने घण्टौँ लगाएर बोक्नु पर्छ", उहाँले भन्नुभयो, "यसले गर्दा हामीहरू निकै मर्कामा परेका छौँ, यो ठाउँ खेतीपातीका लागि उर्वर भूमि हो, जुनसुकै खाद्यबाली उत्पादन हुन्छ, तर के गर्ने पानी छैन, कसरी उत्पादन गर्न सकिन्छ र ?"

अर्नाकोट क्षेत्रमा खानेपानीको व्यवस्थापनका लागि धेरै प्रयासहरू भए पनि सफल हुन सकेको छैन। निसीखोला गाउँपालिका-२ का अध्यक्ष कुविर विश्वकर्माले अर्नाकोटदेखि करिब २७ किलोमिटर पश्चिममा रहेको हाँचदह मुहानबाट पाइपमार्फत पानी ल्याउने भने पनि स्थानीयको अवरोधका कारण काम गर्न नसकिएको बताउनुभयो।

# दृष्टिविहीनलाई बाटो देखाउँदै 'गुगल'

**धनबहादुर गुरुङ**
पोखरा, ५ बैशाख /रासस

गुल्मीबाट पढाइको सिलसिलामा पोखरा आउनुभएकी दृष्टिविहीन रीता ज्ञवालीले सेतो छडी लिएर बाटो हिँड्दा अनेक समस्या झेल्नुपरेको थियो। सवालाङ्गहरूसमक्ष आफू पुगेको स्थानबारे बताइदिन र बाटो पार गराइदिन आग्रह गर्दा पटकपटक तिरस्कृत भएको उहाँले सुनाउनुभयो। अब त्यो समस्याबाट उहाँ मुक्त हुनुभएको छ।

"पहिलादेखि नै हामीलाई सेतो छडी लिएर हिँड्ने बानी पऱ्यो। त्यसरी हिँड्दा बाटो देखाइदिन आग्रह गर्दा नबोल्ने, बाटो 'क्रस' गराइदिन आग्रह गर्दा वास्ता नगर्ने, कहिलेकाहीँ त 'ह्यारेसमेन्ट' पनि झेल्नुपरेको थियो", उहाँले भन्नुभयो, "प्रविधि हाम्रा लागि पनि बनेको छ। हामीले चलाउन जान्ने हो भने समस्या आफैँ समाधान हुन्छ। प्रविधिमा पहुँचयुक्त गमनशीलता तालिममा सिकेको सीपले हामीलाई सहज भएको छ।" रीताजस्तै अरु दृष्टिविहीन पनि अबका दिनमा अरुको सहाराबिना हिँडडुल गर्नेमा विश्वस्त हुनुहुन्छ। उहाँहरूका लागि पोखरा महानगरपालिकाको सहयोगमा कास्की नेत्रहीन सङ्घले प्रविधिमा पहुँचयुक्त गमनशीलता तालिम दिएको छ। तालिममा भाग लिनुभएकी दृष्टिविहीन रोजिना घिमिरेले पनि तालिम निकै फलदायी भएको बताउनुभयो। "हामीलाई आवश्यकताले सञ्जाल चिनाएको छ। सञ्जालले सञ्चार चिनाएको छ र सञ्चारले संसार चिनाएको छ", रोजिनाले भन्नुभयो, "प्रविधिले अपाङ्गता व्यक्तिलाई सहज बनाएको छ हामीलाई भने असम्भवलाई सम्भव बनाएको छ। दृष्टिविहीनलाई यसले दुष्टियुक्त बनाउन मद्दत गरेको छ।"

'गुगल' नक्साका आधारमा आफू कहाँ पुग्ने हो त्यो 'सेट' गरेपछि दायाँ, बायाँ, बाटो पार गर्नेलगायत सबै भनिदिने हुँदा सहज भएको रोजिनाले बताउनुभयो। मोबाइल भएपछि सहयोगी आवश्यक नपर्ने उहाँले बताउनुभयो। तालिमका प्रशिक्षक तथा राष्ट्रिय अपाङ्ग महासङ्घ, गण्डकीका अध्यक्ष खोमराज शर्माले तालिममा दृष्टिविहीनलाई 'गुगल म्याप'सँगै 'ई-सेवा, इन्ड्राइभ, पठाओ'जस्ता 'एप्लिकेसन' चलाउन पनि सिकाइएको जानकारी दिनुभयो। यसले उनीहरूको दैनिकीमा सहयोग पुग्ने उहाँले सुनाउनुभयो।

प्रविधिको अधिकतम प्रयोग गर्नसके दृष्टिविहीनतालाई अवसरका रूपमा लिन सकिने उहाँले बताउनुभयो। "प्रविधिमा साँच्चै हाम्रो पहुँच हुने हो भने हामीले हीनतावोध गर्नुपर्दैन। हामीले गर्न नसक्ने भन्ने विषय सबै विगत बनिदिन्छ", प्रशिक्षक शर्माले भन्नुभयो, "तर चुनौती भनेको यसको समाधान न हाम्रो सरकारलाई थाहा छ न 'एप्लिकेसन डेभलपर'लाई थाहा छ। यो चुनौती चिर्न स्थानीय, प्रदेश र सङ्घ सरकारले लगानी गर्न जरुरी छ।" राष्ट्रिय अपाङ्ग महासङ्घको केन्द्रीय सदस्य पुष्पराज रिमालले प्रविधिले आफूहरूलाई सक्षम बनाएको बताउनुभयो। "सामान्य रूपमा हेर्दा मोबाइल केही होइन तर सबैथोक हो", उहाँले भन्नुभयो, "प्रविधिले हामीलाई सक्षम बनाएको छ। त्यसलाई हामीले चिन्नुपर्छ।" सरकारले हरेक क्षेत्रमा हरेक नागरिकका लागि उपयुक्त प्रविधिमा लगानी गर्नुपर्ने उहाँको धारणा छ। कास्की नेत्रहीन सङ्घका अध्यक्ष श्रीकान्त सापकोटाले सङ्घले दृष्टिविहीनका लागि विभिन्न कार्यक्रम र तालिम गरिहेको बताउनुभयो। "हामीले नेपालमै पहिलोपटक सेतो छडी प्रयोग गरेर कसले राम्रोसँग हिँड्नसक्छ भनेर गमनशीलता प्रतियोगिता गऱ्यौँ। त्यसपछि सेतो छडी लिएर हिँड्न गमनशीलता तालिम पनि दियौँ", अध्यक्ष सापकोटाले भन्नुभयो, "अब नयाँ ढङ्गले जाऊ भनेर अहिले प्रविधिमा पहुँचयुक्त गमनशीलता तालिम आयोजना गरेका हौँ।"

उहाँले अहिले पनि संविधानको मर्मअनुसार सबै ठाउँमा समावेशिता नभेटिएको बताउनुभयो। 'बी माई एआई' प्रयोग गरेर दृष्टिविहीनले सबै विषय थाहा पाउने प्रविधिको विकास भइसक्दा पनि त्यसमा कसैको ध्यान नगएको अध्यक्ष सापकोटाको गुनासो थियो। यसका लागि राज्यले तालिम, साधन अनि पहुँचताको सुनिश्चितता गर्नुपर्ने उहाँले बताउनुभयो। दृष्टिविहीनको हकअधिकारका लागि संस्थाले आगामी दिनमा पनि रचनात्मक कार्यक्रम गर्दै जाने उहाँले जानकारी दिनुभयो। कास्कीमा एक हजार पाँच सयको हाराहारीमा दृष्टिविहीन रहेको कास्की नेत्रहीन सङ्घका अध्यक्ष श्रीकान्त सापकोटाले जानकारी दिनुभयो। "कास्कीमा अध्ययन, रोजगारीका लागि अन्य जिल्लाबाट पनि आउनुभएका दृष्टिविहीन साथीहरू हुनुहुन्छ। केही ग्रामीण क्षेत्रमा पनि हुनुहुन्छ", उहाँले भन्नुभयो, "सबै गरेर एक हजार पाँच सय जति छौँ। त्यसमा हाम्रो सङ्घमा एक सय ५० जना आबद्ध छौँ।" प्रविधिमा पहुँचयुक्त गमनशीलता तालिममा २४ जना सहभागी भएका थिए।

# दमौलीघाट शवदाहस्थलमा चारवटा व्यवस्थित चिता निर्माण गरिँदै

**रासस**
दमौली, ५ बैशाख

सेती-बुल्दी दोभानस्थित दमौलीघाट शवदाहस्थलमा चारवटा व्यवस्थित चिता निर्माण सुरु गरिएको छ। व्यास नगरपालिकाको आर्थिक सहयोगमा दुई इलेक्ट्रिक बाइपङ्खे र दुईवटा पलामे फ्रेमिङ किसिमको चिता निर्माण थालिएको हो।

नगरपालिकाले दुई आर्थिक वर्षमा गरी रु ४५ लाख बजेट विनियोजन गरेको सेती-बुल्दी दोभान दमौलीघाट व्यवस्थापन समितिका सहसचिव एवं घाट निर्माण समितिका संयोजक पोष्टमान श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार नगरपालिकाबाट पहिलो चरणमा विनियोजित रु २० लाख बजेटबाट शवदाहस्थमा क्रियापुत्रीले कपाल काट्ने, नुहाउने, फोहोर जलाउने स्थल निर्माण गरिएको छ। त्यसैगरी, पुराना चारवटा चितामा मर्मतसम्भार, ४४ वटा ग्राबिङ जाली प्रयोग गरी संरक्षण गरिनाका साथै स्लेप र नाला निर्माण गरिएको छ। उहाँका अनुसार १६ मिटर लम्बाइ र दुई मिटर उचाइको डण्डीसहितको शेरवाल निर्माण गरिएको छ। दोस्रो चरणमा विनियोजित रु २५ लाख बजेटबाट शवदाहस्थलमा जाने सिँढी निर्माण, पुरानो चिता नजिक सेतीनदीले क्षति बनाएको स्थानमा पिपिसी ढलान गरी संरक्षण गरिएको संयोजक श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार वडा कार्यालयलको सहयोगमा उपलब्ध भएको तीनवटा विद्युत् पोल गाडेर विद्युत् जडान कार्य भइसकेको छ। घाटमा पानीको इनार, ट्रष्ट, शौचालय, पानी ट्याङ्कीलगायत भौतिक संरचना निर्माण गर्न बाँकी रहेको समितिका अध्यक्ष ओमबहादुर थापाले जानकारी दिनुभयो। "अन्य साधारण चितामा एउटा शव जलाउन कम्तीमा चार क्विन्टल दाउरा आवश्यक पर्नाका साथै लामो समय खर्चिनुपर्ने हुन्छ", उहाँले भन्नुभयो, "फलामे फ्रेमिङ चितामा दुई क्विन्टल दाउराले बढीमा दुई घण्टामा शव जलाउन सकिनेछ।"

चालु आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी योजनाको निर्माण भइरहेको अध्यक्ष थापाले बताउनुभयो। उक्त घाटमा यसअघि चारवटा चिता निर्माण गरी शव व्यवस्थापन गर्दै आइएको थियो। निर्माणाधीन चार चितासहित दमौलीघाटमा अब आठवटा चिताबाट शव व्यवस्थापन गरिनेछ। कुनै दिनमा आठ/दशवटासम्म शव ल्याइने र शव जलाउन पालो कुर्नुपर्ने अवस्था आएकाले चिताको सङ्ख्या बढाएर सहज बनाउन बजेट विनियोजन गरिएको व्यासका नगरप्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो। व्यास-३ वडा कार्यालयबाट विनियोजन गरिएको रु १० लाख बजेटले दुईवटा इलेक्ट्रिक बाइपङ्खे चिता निर्माण गरिने भएको छ। चालु आर्थिक वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता गरे पनि आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न गर्ने लक्ष्य राखिएको निर्माण समितिले जनाएको छ। वर्षायामको समयमा सेती नदीमा पानीको बहाव बढ्दा पुराना दुईवटा चिता ढाकिने हुँदा शव जलाउन समस्या हुने गरेकाले एक ठाउँबाट अर्को ठाउँमा सजिलै सार्न सकिने किसिमका फोल्डिङ चिता निर्माण गर्न लागिएको हो।

एउटा शव जलाउन कम्तीमा चार क्विन्टल दाउरा आवश्यक पर्ने र खर्चिलो हुने भएकाले करिब एक क्विन्टल दाउराले एक घण्टाको अवधिमा सजिलै शव जलाउन सकिने गरी इलेक्ट्रिक बाइपङ्खे चिता निर्माण थालिएको व्यास-३ का वडाध्यक्ष अनुप रानाले जानकारी दिनुभयो।

"फलामे फ्रेमिङ चिताको तुलनामा बाइपङ्खे चिता अझै प्रभावकारी हुन्छ", उहाँले भन्नुभयो, "खर्चमा कमी ल्याउन र छिटो शव जलाउन यो विधि सहज हुने विश्वास गरिएको छ।"

गण्डकी प्रदेश सरकारले विनियोजन गरेको रु १० लाख बजेटले सेती नदीले क्षति भएको र क्षति हुन सक्ने सम्भावित क्षेत्रमा संरक्षण कार्य गरिनेछ। घाट नजिकै रहेका करिब एक दर्जन विभिन्न सङ्घसंस्थाका भवन तथा चौतरा संरक्षण गर्न वाल निर्माण गर्ने योजना रहेको घाट निर्माण समितिले जनाएको छ। बाढी पहिराले क्षति हुने स्थानमा विशेषगरी प्रदेश बजेट खर्च गर्ने प्रावधान रहेकाले सोही अनुरुप खर्च गरिने घाट निर्माण समितिका संयोजक श्रेष्ठले बताउनुभयो।

# सहकारीको रकम हिनामिना गर्ने उपर राजनीतिक संरक्षण नगर्न सुझाव

पोखरापत्र संवाददाता
पोखरा, ५ बैशाख

सहकारीको रकम हिनामिना गर्ने उपर राजनीतिक संरक्षण नगर्न बुधबार पोखरामा आयोजित एक कार्यक्रमका वक्ताहरुले सुझाव दिनु भएको छ।

पोखराको न्यूरोडमा प्रधान कार्यालय रहेको शुभम् बचत तथा ऋण सहकारी संस्थाले बुधबार पोखरा २२ स्थित कालाबाङ्ग नियालेडाँडामा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा वक्तहरुले आम जनताले भविश्यमा केही सहयोग पुग्ने उद्धेश्यले बचत गरेको रकम हिनामिना गर्ने उपर कुनै राजनीतिक संरक्षण नगरी कार्वाही नै गर्नुपर्नेमा जोड दिनु भएको हो। कास्की बचत संघका अध्यक्ष शेरबहादुर कार्कीले कास्कीमा केही सहकारीहरुमा समस्या भएकोले सहकारीका संचालकहरु फरार केही पक्राउ परेको अबस्थामा शुभमले सामुहिक वनभोज सहितको शुभकामना आदान प्रदान गर्नु निकै प्रशंसनिय कार्य भएको



बताउनु भयो। कास्कीका राम्रा सहकारी मध्ये उत्कृष्ट १० भित्र पर्छ शुभम पर्ने दाबी गर्दै उहाँले हाल सहकारीले राखेको साख जोगाई राख्न आग्रह गर्नु भयो।

छिमेकमा देखिएको समस्यालाई समेत मनन गरेर अघि बढ्नुपर्ने सुझाव दिदै अध्यक्ष कार्कीले छिमेकमा रहेको सहकारी बिग्रँदा त्यसको असर छिमेक मै पर्ने भएकाले संस्थाले आफू मात्र सुरक्षित छु भनेर नबसी आवश्यक रणनीति बनाएर अघि बढ्न आग्रह गर्नु भयो। जीबी राईको उदाहरण प्रस्तुत गर्दै अध्यक्ष कार्कीले सहकारीमा बचत कर्ताको रकम हिनामिना गर्नेलाई राजनीतिक संरक्षण दिइएको आरोपव लगाउनु भयो। संघका अध्यक्ष कार्की सहित उपाध्यक्ष ईश्वर सुबेदी, कोषाध्यक्ष केशवशरण पौडेल, लेखा संयोजक केशवराज ढकाल, लोक दोहोरी कलाकार श्रीराम अधिकारी, चन्द्रावती कार्की तथा सहकारीका अध्यक्ष राजन पन्तले संयुत रूपमा भित्तेपात्रो विमोचन गर्नु भएको संस्थाका सचिव कृष्ण प्रसाद पोखेलले बताउनु भयो। संस्थाका अध्यक्ष राजन पन्तले सहकारीका सदस्यहरूको विश्वास र सिङ्गो संचालक समिति, शुभेच्छुक र कर्मचारीहरूको योगदानका कारण सहकारी हाल कुनै समस्यामा नरहेको ादबी गर्नु भयो। सहकारीका कोषाध्यक्ष होमराज भट्टराइले सहकारीहरूमा समस्या देखिन थालेपछि शुभमको कार्यालयमा अवस्था बुझ्न पुग्ने सेयर सदस्य संस्थाको वित्तीय अवस्था बुझेपछि खुसी भएर फर्कने गरेको अनुभव सुनाउनु भयो।

कार्यक्रममा सांस्कृतिक संयोजक रहेका संस्थाका उपाध्यक्ष सूर्य प्रसाद पौडेलको साथमा लोकप्रिय कार्यक्रम इन्द्रेणीका सहसंयोजक लोक दोहोरी कलाकार श्रीराम अधिकारी, कलाकार चन्द्रावती कार्की लगायतले सेयर सदस्य तथा अतिथिहरूलाई मनोरञ्जन दिनु भएको थियो।

संस्थाका शिक्षा समिति संयोजक सीता देवी बरालको संयोजकत्वमा भएको कार्यक्रमको संचालन सचिव कृष्ण प्रसाद पोखरेलले गर्नु भएको थियो। कार्यक्रमको दोस्रो चरणमा व्यवस्थापक कमल कोइरालाले अन्तरक्रियाको साथमा सदस्यहरूमाझ संस्थाको हालसम्मको वित्तीय विवरण प्रस्तुत गर्नु भएको थियो।

# ढुंगाका आकृतिले तान्दै पर्यटक

पोखरापत्र संवाददाता
दमौली, ५ बैशाख

नुवाकोटको विदुर नगरपालिका-११ वासुदेव अवस्थीलाई पहिलोपटक ऐनापहरा पुग्दा निकै आकर्षक लाग्यो। मुक्तिनाथ जान हिँडेका ४० जनाको टोलीले तनहुँको आँबुखैरेनी गाउँपालिका-२ स्थित ऐनापहराको एक घण्टा अवलोकन गरेको थियो।

अवस्थीले भन्नुभयो, "ढुङ्गामा आकृति बनाएर पर्यटकीयस्थल बनाउने गाउँपालिकाको योजना निकै राम्रो लाग्यो। ढुङ्गामा खोपिएका आकृति हेर्दा मान्छेसँग बोल्लान् झैं लाग्ने खालको रहेछ।"

पहिलो पटक आउँदा नै यस ठाउँले मोहित बनाएको भन्दै उहाँले घर फर्किसकेपछि आफन्त तथा साथीभाइलाई यस ठाउँको बारेमा जानकारी गराउने बताउनुभयो। "राजमार्गमा यात्रा गर्दा थकाइ मार्ने स्थानको रूपमा विकास भइरहेको रहेछ", अवस्थीले भन्नुभयो, "यस ठाउँको अझ प्रचारप्रसार गर्नका लागि सबैले सहयोग गर्नुपर्छ।" प्राकृतिक रूपमा रहेका ढुङ्गालाई कालीगढले मेहनत गरेर आकृति बनाउँदा यस ठाउँकोस्वरुप नै बदलिएको उहाँको भनाइ छ।

ऐनापहरामा स्वदेशीका अतिरिक्त विदेशी पर्यटकको समेत आवागमन हुन थालेको छ। फ्रान्सबाट आएकी एक पर्यटकले ऐनापहरा निकै आकर्षक बनेको बताउनुभयो। उहाँले भन्नुभयो, "एकैछिन घुम्दा यहाँको वातावरणले लोभ्यायो। यहाँ बनाइएका संरचना मनमोहक छन्।" ऐनापहरालाई पर्यटकीय गन्तव्यस्थल बनाउने उद्देश्यसहित गाउँपालिकाले यहाँ रहेका ढुङ्गामा आकृतिक खोपेपछि पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास हुन थालेको हो। यहाँ दैनिक दुई सय भन्दा बढी पर्यटक घुम्न आउने गरेका छन्।

पृथ्वीराजमार्ग नजिकै पर्ने ऐनापहरामा रहेको झरनामा घुम्न आउने पर्यटक बढेसँगै गाउँपालिका यसको प्रवर्द्धनमा जुटेको अध्यक्ष शुक्र चुमानले राससलाई जानकारी दिनुभयो। उहाँका अनुसार गत माघदेखि यहाँका ढुङ्गामा विभिन्न आकृति खोप्ने काम सुरु भएको थियो। "यसै रहेका ढुङ्गालाई कलात्मक बनाएर पर्यटकलाई थप आकर्षित बनाउन यो कामलाई अगाडि बढाएका हौँ", चुमानले भन्नुभयो, "यसले आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्नुका साथै पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास लिएका छौँ।" झरना झरेको ठाउँको ढुङ्गामा गणेशको आकृति बनाइएको छ भने झरना नजिकैको ढुङ्गामा आमा र बच्चा तथा परीको आकृति बनाइएको छ। पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित ऐनापहरामा उद्यान निर्माणलाई अगाडि बढाइएको चुमानले जानकारी दिनुभयो। उहाँका अनुसार उद्यान निर्माणका लागि चालु आर्थिक वर्षमा रु एक करोड ४० लाख बजेट विनियोजन गरिएको छ। उहाँले भन्नुभयो, "ऐनापहरालाई तनहुँको मात्र नभइ गण्डकी प्रदेशकै उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउने सोच राखेका छौँ।" गण्डकी प्रदेशको प्रवेशद्वारमा रहेको ऐनापहरामा मनमोहक झरना छ। कलकल बगेको पानी, हरियाली जङ्गल। खोँचबाट झरेको पानीले ऐनापहरा झरना पुग्ने जो कसैको पनि मन लोभ्याउँछ। थकित मुद्रामा यहाँ पुग्नेहरू आनन्दित भएर फर्किन्छन्। पृथ्वीराजमार्गबाट एक मिनेटको दुरीमा पुगिने ऐनापहरा झरना आकर्षक पर्यटकीयस्थलको रूपमा विकास हुँदै गएको छ। राजमार्ग भएर यात्रा गर्ने सर्वसाधारणको विश्रामस्थलको रूपमा पनि ऐनापहरा झरना विकास भइरहेको छ। काठमाडौँ, चितवनबाट पोखरातर्फ आउने र पोखरातर्फ यात्रा गर्ने सर्वसाधारण सवार ।साधन रोकेरै ऐनापहरा झरनामा रमाउने गरेका स्थानीय बताउँछन्। गाउँपालिकाले यस ठाउँमा स्काइ साइक्लिकिङ, सिसाको पुल बनाउने योजना अगाडि सारेको छ। सर्वसाधारणको सुविधाका लागि शौचालय गत वर्ष नै निर्माण भइसकेको छ। गर्मी मौसमका बेला झरनामा नुहाउन, थकान मेटाउन, भिडिओ, टिकटक बनाउन सर्वसाधारणको घुइँचो लाग्ने गर्दछ।

तनहुँकै अग्लो महाभारत पर्वत शृङ्खला छिम्केश्वरीको फेदीमा अवस्थित सिँउढी खोलाको पानी बगेर झरनामा मिसिएको छ। ऐनापहरा झरनालाई व्यवस्थित बनाउन गाउँपालिकाले विस्तृत गुरुयोजना प्रतिवेदन तयार गरेको जनाएको छ। यस ठाउँलाई व्यवस्थित गर्न डिपिआर अनुसार रु दश करोड बजेट आवश्यक पर्छ। डिपिआर अनुसार यहाँ बुद्धको मूर्ति, रेलिङ, पार्किङलगायतका संरचना निर्माण गर्ने उल्लेख छ।

# सामुदायिक विद्यालयमा छोराछोरी भर्ना गर्ने अभिभावकको निःशुल्क स्वास्थ्य बीमा

पोखरापत्र संवाददाता
गोरखा, ५ बैशाख

गोरखा नगरपालिकाले सामुदायिक विद्यालयमा बालबालिका भर्ना गर्ने अभिभावकको निःशुल्क स्वास्थ्य बीमा गरिदिने घोषणा गरेको छ।

विद्यालय भर्ना अभियान सञ्चालन भइरहेका बेला नगरपालिकाले सामुदायिक विद्यालयमा बालबालिकाको आकर्षण बढाउन परिवारका सदस्यको रु एक लाखसम्मको निःशुल्क स्वास्थ्य बीमा गर्ने घोषणा गरेको नगरप्रमुख कृष्णबहादुर रानामगरले जानकारी दिनुभयो। "नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा शैक्षिकसत्र २०८१ का लागि कक्षा १ मा छोराछोरीलाई भर्ना गराउने अभिभावकलाई नगरपालिकाले निःशुल्क स्वास्थ्य बीमा गरिदिने निर्णय गरेको छ", उहाँले भन्नुभयो, "यसले बालबालिकालाई सामुदायिक विद्यालयमा पढाउनुपर्छ भन्ने चेतनाको विकास पनि गर्न सकोस् भन्ने पनि चाहाना हो।"

सामुदायिक विद्यालयमा घट्दो क्रममा रहेको विद्यार्थी संख्यालाई बढाउन नगरपालिकाले निःशुल्क स्वास्थ्य बीमाको नयाँ नीति ल्याएको नगरप्रमुख रानामगरको भनाइ छ। "पछिल्लो समय कमजोर आर्थिक अवस्था भएका अभिभावकले मात्र छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउने अवस्था छ", उहाँले भन्नुभयो, "यसले आर्थिक अवस्था कमजोर भएका परिवारलाई सहयोग पनि पुग्ने र सरकारी विद्यालयमा बालबालिका पढाउनुपर्छ भन्ने भावना जागृत गराउन पनि मद्दत पुग्छ भन्ने विश्वास छ।" कार्यक्रम कार्यान्वयन गर्न चालु आर्थिक वर्षका लागि नगरपालिकाले रु १० लाख बजेट विनियोजन गरेको छ। विनियोजित बजेट अपुग भए थप गर्न सकिने उहाँले बताउनुभयो। विनियोजित बजेटअनुसार विद्यार्थी भर्नासँगै निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम हुँदा नगरपालिकाभित्रका दुई सय ८५ परिवार लाभान्वित हुनेछन्। आगामी आर्थिक वर्षदेखि अन्य कक्षामा पनि सामुदायिक विद्यालयमा छोराछोरी पढाउने अभिभावकको निःशुल्क स्वास्थ्य बीमा गरिदिने योजना नगरपालिकाले बनाएको नगरप्रमुख रानामगरले जानकारी दिनुभयो। यो कार्यक्रमले सामुदायिक विद्यालयमा पढ्ने बालबालिकाको स्वास्थ्य र शिक्षा दुवै निःशुल्क हुने उहाँको भनाइ छ। नगरपालिकाभित्र सञ्चालन भइरहेको विद्यालय भर्ना अभियानमा क्रममा अहिले घरघरमा पुगेर विद्यालयका शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीले नगरपालिकालेल्याएकोकार्यक्रमका बारेमा अभिभावकलाई जानकारी गराइरहेको नगरप्रमुख रानामगरले जानकारी दिनुभयो।

"कमजोर आर्थिक अवस्था भएका धेरैले स्वास्थ्य बीमा गर्न नसकेको अवस्था पनि छ", उहाँले भन्नुभयो, "हामीले ल्याएको यस कार्यक्रमले उहाँहरूको स्वास्थ्य बीमा पनि हुने र विद्यालय भर्ना अभियान पनि प्रभावकारी हुन्छ भन्ने लागेको छ।" नगरपालिकाले निःशुल्क स्वास्थ्य बीमाका बारेमा सबै विद्यालयका प्रधानाध्यापकलाई अभिमुखीकरण गराएर अभिभावकको घरघरमा पठाएको छ। "नगरपालिकाले गरिदिने स्वास्थ्य बीमाले एउटा परिवारका पाँच जनासम्मले निःशुल्क स्वास्थ्य उपचार सेवा पाउने छन्", उहाँले भन्नुभयो, "स्वास्थ्य बीमा गराइसकेका अभिभावकको हकमा भने कार्यक्रम लागू हुँदैन।" अन्य पालिकाबाट आएर गोरखा नगरपालिकामा अस्थायी बसोबास गरेकाहरूलेसमेत आफ्ना छोराछोरी सामुदायिक विद्यालयमा भर्ना गरे निःशुल्क स्वास्थ्य बीमाको सुविधा पाउने उहाँको भनाइ छ। नगरपालिकाले यसअघि नगरपालिकाभित्र सार्वजनिक पद धारणा गरेका व्यक्तिले आफ्ना छोराछोरीलाई अनिवार्यरुपमा सार्वजनिक विद्यालयमा पढाउनुपर्ने निर्णय गरिसकेको छ।

# दम्पती हत्यामा संलग्न पत्ता लगाउन सकस

रासस
पर्वत, ५ बैशाख

पर्वतको जलजला गाउँपालिका-२ मल्लाजको दहमा एक दम्पतीको हत्या भएको आज १७ दिन पुगेको छ।

गत चैत २० गतेदेखि प्रहरीले अनुसन्धान गरेको भए पनि अहिलेसम्म घटनामा संलग्न दोषी पत्ता लागेको छैन। चैत १९ गते सोमबार राति स्थानीय ६९ वर्षीय सूर्यबहादुर जिसी र उहाँकी ६७ वर्षीय श्रीमती गमला जिसीको हत्या भएको अवस्थामा घरभित्रै शव फेला परेको थियो। घटनाको अनुसन्धानका लागि एक सातादेखि केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) को टोलीसमेत घटनास्थल वरिपरीनै अनुसन्धान गरिरहेको छ। जिल्ला प्रहरी कार्यालय पर्वतका प्रमुख प्रहरी नायब उपरीक्षक खुमलाल भुसालको नेतृत्वमा २५ जना प्रहरीको टोली घटनास्थलमै खटिएको छ। गण्डकी प्रदेश प्रहरी कार्यालयको प्राविधिक टोलीलेसमेत अनुसन्धानलाई तीव्रता दिएको भए पनि दोषी पहिचान गर्न सकस भइरहेको पर्वतका प्रहरी नायब उपरीक्षक खुमलाल भुसालले जानकारी दिनुभयो। जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी प्रमुख भुसालका अनुसार घटनाबारे प्रहरीले गम्भीरतापूर्वक अनुसन्धान गरेको र अब घटनाको तथ्यको नजिक पुग्न थालेको बताउनुभयो। उहाँले भन्नुभयो, "प्रहरीले घटनाको अनुसन्धान गरिरहेको छ। केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) को टोली पनि अनुसन्धानमा जुटेको छ।" उहाँले भन्नुभयो, "हत्यारा छिट्टै नै पत्ता लगाइनेछ।" भुसालका अनुसार प्रारम्भिक अनुसन्धान हेर्दा लुटपाटका लागि हत्या भएको हुनसक्ने देखिएको छ। "घटनाको प्रकृति हेर्दा लुटपाटका लागि हत्या भएको देखिन्छ। हत्यामा एकजनाभन्दा धेरै प्रयोग भएको पनि देखिएको उहाँले बताउनुभयो। "त्यसको अनुसन्धान गरिराखेका छौँ", डिएसपी भुसालले भन्नुभयो। अनुसन्धानका क्रममा अहिलेसम्म आफन्तजन, घर वरिपरी र उनीहरूका घरपरिवारसँग जोडिएका सबै गरी दुईसय जनाभन्दा बढीसँग सोधपुछ गरिएको भुसालले बताउनुभयो। दम्पतीको हत्या भएको दुईहप्ता वितिसक्दा पनि हत्यारा पत्ता नलाग्नुले घटना थप रहस्यमय भएको जलजला गाउँपालिका- २ का वडाध्यक्ष प्रकाश जिसीले बताउनुभयो। घरमा ती दम्पतीमात्रै बस्दै आएका थिए। दुई छोरा वैदेशिक रोजगारीका लागि कोरिया र अर्को छोरा म्याग्दीको बेनीबजारमाबस्दैआउनुभएकोथियो।



# कर्जा भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०१/०६)

यस सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड पोखरा ०९, कास्कीबाट तपसिल बमोजिमका ऋणीको प्रथम पटक प्रकाशित मिति २०८१/०१/०६ उल्लेखित सदस्यहरुले कर्जा उपभोग गर्दै आउनुभएको उक्त कर्जाको संस्थालाई समय समयमा तिर्न, बुझाउनुपर्ने सावा ब्याज भुक्तान गर्न आउन पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तारताकेता गर्दा समेत ऋण सावाँ ब्याज चुक्ता, भुक्तान गर्न कुनै चासो नदेखाई वेवास्ता गर्नुभएकाले ऋण कर्जा भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र संस्थामा बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज समेत चुक्ता गरी आफ्नो धितो सम्पती फुकुवा गरी लिन सूचित गरिन्छ। अन्यथा सहकारी ऐन नियम र यहाँ कर्जा लिँदा गरिएको तमसुक शर्त तथा कबुलियतनामा अनुसार थप कार्वाही प्रकृया अगाडि बढाइने जानकारी गराईन्छ।

| क्र.सं. | ऋणी विवरण | धनजमानीको विवरण | |
|---|---|---|---|
| १ | **नाम : बेल बहादुर नेपाली**<br>नागरिकता नं.: ४६१०२०/११४९<br>बाबुको नाम : गोपाले सार्की<br>बाजेको नाम : सुकदेव<br>स्थायी ठेगाना : सराङ्कोट ०१, कास्की<br>हालको ठेगाना : पोखरा ०९, कास्की<br> | **धनजमानीको नाम : यम कुमारी नेपाली**<br>नागरिकता नं.:१०२९८२/४६<br>पतिको नाम : बेल बहादुर नेपाली<br>ससुराको नाम : गोपाले सार्की<br>स्थायी ठेगाना : सराङकोट ०१,कास्की<br>हालको ठेगाना : पोखरा ०९, कास्की<br> | **धनजमानीको नाम : रोशन नेपाली**<br>नागरिकता नं.:४६१०२०<br>बाबुको नाम : बेल बहादुर नेपाली<br>बाजेको नाम : गोपाले सार्की<br>स्थायी ठेगाना : सराङकोट ०१, कास्की<br>हालको ठेगाना : पोखरा ०९, कास्की<br> |

**धितोको विवरण:**
**जग्गाधनिको नाम** : बेल बहादुर नेपाली, जिल्ला : कास्की, नगर, गाविस : ग्यारजाती वडा नं. ०६ कित्ता न.ः १४३ क्षेत्रफल ब. मि : १०४९.२७ ब.मि जग्गा तथा त्यसमा बनेका लिगलिगापात समेत सबै

| क्र.सं. | ऋणी विवरण | धनजमानीको विवरण | धितोको विवरण |
|---|---|---|---|
| २ | **ऋणीको नाम : हरि प्रसाद शर्मा**<br>नागरीकता नं. : ४६-०१-७१-०५५९५<br>बाबुको नाम : चुडामणि शर्मा<br>बाजेको नाम : नरपती शर्मा<br>स्थायी ठेगाना : ढिकुरपोखरी ०५ कास्की<br>हालः पोखरा ०६, कास्की<br> | **नाम : छबिलाल तिमिल्सिना**<br>नागरीकता नं. : ७२१<br>बुबाको नामः कुल प्रसाद तिमिल्सिना<br>बाजेको नाम : गोकुल प्रसाद तिमिल्सिना<br>स्थायी ठेगाना : सराङकोट, ०३ कास्की<br>हालको ठेगानाः पोखरा, १८ कास्की<br> | **जग्गाधनिको नाम : हरि प्रसाद शर्मा**<br>जिल्ला : कास्की<br>गाविस : ढिकुरपोखरी, ०५<br>कित्ता न.ः २६१६,६०, १८५७ जग्गा तथा त्यसमा बनेका लिगलिगापात समेत सबै<br>क्षेत्रफल ब.मि. : १३५५.२६, ४५५, ४३७.१२ ब.मि |

**सराङ्गकोट बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड**
**पोखरा-९, संगममार्ग, कास्की**
**फोन नं. ०६१-५७२२४०**